# १ येशूका अनुयायीहरु र पवित्र धर्मशास्त्र बाइबल

*यस अध्यायका मूल पदहरू:* लूका ४:१-१२, मत्ती १२:३-८, मत्ती ५:१७-३९, लूका २४:१३-३२, प्रेरित १:१६-२०।

*स्मरण गर्नु पर्ने पद:* "अत्यन्त ध्यान दिएर पवित्र धर्मशास्त्र बाइबलको अध्ययन गर्नु। यदि तिमीहरूले त्यसरी अध्ययन गऱ्यौ भने तिमीहरूले सोचेको अनन्त जीवन तिमीहरूले पाउने छौ। यथार्थमा जुन् धर्मशास्त्र तिमीहरूले पढ्छौ, त्यसले मेरो (येशू) बारेमा चित्रण गर्दछ।" (यूहन्ना ५:३९ अनुवादकद्वारा रूपान्तरित)।

टेरी हर्बर्ट भन्ने बिलायतको एक जना व्यक्तिले सस्तो मोलमा विक्री भइरहेको सामनहरूबाट मेटल डिटेक्टर किनेको थियो। त्यस मेटल वा धातु पत्ता लगाउने औजारले जमिनमुनी भएका धातुका सामानहरू पत्ता लगाउँछ। उसले त्यो औजार लिएर जमिनका सतहमाथि चलाए। उसले चाँदीले बनेका धेरै ऐतिहासिक सामानहरू भेट्टायो। किसानीको खेतमा गाडिएको सुनले सिँगारेका पुराना हतियारहरू पनि उस्ले भेट्टायो। उसले पाएका सामग्रीहरूको मूल्य पचास लाख भन्दा बेसी अमेरिकन डलर भएको अनुमान गरिएको थियो।

हामी सबै गाडिएको धनको खोजीमा छौं। हामी फोहर, कसिङ्गर वा काम लगान्ने ठाउँहरूमा केही बहुमूल्य सामानहरू पाइन्छ कि भनेर खोज्दछौं। तर त्यस खोजीमा पाउने स्वर्गको सत्य बहुमूल्य थोकलाई पाएपनि पन्छाएर अरू नाशहुने थोकहरूमामात्र ध्यान नदिन सतर्क हुनुपर्दछ। त्यो स्वर्गबाट आएको सत्य बहुमूल्य खजाना होः येशू ख्रीष्ट। पुरानो करारका धुरन्धर यहूदी पण्डित फरिसी र सदुकीहरूले अनन्त जीवन पाउन पवित्र शास्त्रहरूको अध्ययन गर्दथे। तर तिनीहरूले पाएको नक्सा वा पवित्र धर्मशास्त्र बाइबलमा अनन्त जीवन पाउने बाटो असली रूपमा बुझ्न सकेन। त्यसले गर्दा जब तिनीहरूकै माझमा आउनुभएको अत्यन्त बहुमूल्य खजाना येशू आउनुभयो तिनीहरूले उहाँलाई चिन्नै सकेन।

आफ्नो भक्त, चेला वा अनुयायीहरूको उत्पादन गर्न येशूले पवित्र धर्मशास्त्र बाइबललाई प्रयोग गर्नुभएको थियो। परमेश्वरका अगमवक्ता वा

**विशेष दूतहरूले लेखेका लेखहरूले सबभन्दा बहुमूल्य गाड धनतिर हामीलाई डोऱ्याउछ। ती सबै लेखहरूको निचोड येशू नै हुन्। जब येशूलाई औंल्याएका धर्मशास्त्रलाई लगनशीलतासाथ अध्ययन गर्न चुक्दछौं तब हामीले पाउनु पर्ने लक्ष्यलाई गुमाउँछौं। ती सबैको अर्थ यो हो कि आस्थावान, निष्ठावान, श्रद्धालु भक्तजनहरू उत्पादन गर्ने कामको केन्द्रविन्दु येशू र हाम्रो निम्ति उहाँले के गर्नुभयो सो नै हुनुपर्छ।**

## १. येशू र बाइबल (लूका ४:१-१२)

**सारा येशूभक्तहरूको निम्ति येशूमात्र अतुलनीय, अनुकरणीय र सिद्ध नमूना हुनुहुन्छ। त्यसले गर्दा बाइबलको चासोमा उहाँको स्तर अत्यन्त उच्च र गम्भिर भएको पाइन्छ।**

बाइबलको बारेमा येशूको व्यक्तिगत धारणा कस्तो रहेछ भनेर देहायका पदहरूले कसरी बताउँदछन् हेर्नुहोस्ः लूका ४:१-१२, " येशू पवित्र आत्माले भरिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो २ र चालीस दिनसम्म उजाड-स्थानमा दियाबलसबाट उहाँ परीक्षित हुनुभयो। ती दिनमा उहाँले केही खानुभएन, र चालीस दिन समाप्त भएपछि उहाँ भोकाउनुभयो। ३ तब दियाबलसले उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र त्यो रोटी बनोस्।" ४ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र जीवित रहँदैन'।" ५ त्यसले उहाँलाई एउटा उच्च स्थानमा लगेर एकै क्षणमा जगत्का सबै राज्यहरू देखायो। ६ दियाबलसले उहाँलाई भन्यो, "म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिंदछु। ७ तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्।" ८ येशूले त्यसलाई जवाफ दिनुभयो, "लेखिएको छ, 'तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ९ तब त्यसले उहाँलाई यरूशलेममा लगेर मन्दिरको टुप्पामा राख्यो, र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यहाँबाट हामफाल्नुहोस्। १० किनभने लेखिएको छ, 'उहाँले तिम्रो रक्षा गर्न आफ्ना स्वर्गदूतहरूलाई आज्ञा गर्नुहुनेछ,' ११ र 'तिनीहरूले तिमीलाई हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" १२ येशूले त्यसलाई जवाफ

दिनुभयो, "यसो भनिएको छ, 'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" र लूका ४:१६-२१, " उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पऱ्यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।"

**चालिस दिनको उपवास पछि भोकले रन्थनिएको येशूलाई शैतानले उहाँलाई आफ्नो काबुमा राख्न अनेक किसिमका लोभमा फसाउन खोजेको थियो। शैतानका प्रत्येक चुनौती र आकर्षित लालचको सामना गर्न येशूले बाइबललाई नै आफ्नो अस्त्रको रूपमा प्रयोग गर्नुभएको थियो। ४० दिनको मरुभूमीको एकान्त जीवनमा त्यस बेलाका मुठ्ठा पारिएको तत्कालिन पुरानो करार बाइबल उहाँको हातमा नभएको हुन सक्छ। त्यसको अर्थ येशू ख्रीष्टले बाइबलका महत्त्वपूर्ण भागहरूलाई कण्ठ गर्नुभएको हुनुपर्छ। शैतानको छललाई सामना गर्न येशूले प्रयोग गर्नु भएको पदहरू मोशाका लेखहरूबाट थिए। तर अरू बेलामा पनि धर्मशास्त्र बाइबलका अरू पुस्तकहरूबाट पनि उदृध गर्नुभएको थियो (मत्ती २१:४२, २२:४४)। येशू ख्रीष्टमा बाइबलको बारेमा ठूलो ज्ञान थियो भनेर स्पष्ट रूपमा भन्न सकिन्छ।**

**फेरि यो पनि थाहा पाउनु जरूरी छः येशूले आफू परिक्षा वा लोभमा पर्दा जोग्न र आफू धर्मात्मा छु भनेर व्यक्तिगत छवीलाई सफा राख्नमात्र बाइबललाई प्रयोग गर्नुभएन। बरू त्यो बाइबलले आफूलाई नै औंल्याएको छ भनेर उहाँले ठोकुवा गर्नुभएको थियो। लूका ४:१६-३०मा बताए अनुसार यहूदीहरूको आराधना गर्ने घरमा उहाँले अगमवक्ता यशैयाको पुस्तकलाई उदृध गर्नुभएको थियो। मानिसहरूलाई**

**दुःखकष्टबाट राहत दिन र पापबाट स्वतन्त्र बनाउन परमेश्वरले उहाँलाई नै नियुक्ति गर्नुभएको छ भनेर ती पदहरूले औँल्याउँछ भनेर येशूले ठोकुवा गरी घोषणा गर्नुभएको थियो। मसीहको बारेमा भविष्यवाणी उहाँले नै पूरा गर्नुभएको छ भनेर येशूले बुझ्नुभएको थियो। आफ्नो सेवाकार्यमा अरूलाई पनि त्यस तथ्यलाई येशूले औँल्याउनुभएको थियो।**

बाइबलको बारेमा ज्ञान हुनु राम्रो र जरूरी छ। तर बाइबल थाहा छ भनेर मात्र पुग्दैन। बाइबलका प्रखर विद्वानहरूमा कतिपय त यस्ता छन् जसले परमेश्वरलाई विश्वास गर्दैनन् न त येशूभक्त नै हुन्। त्यसकारण बाइबल अध्ययन गर्दा हामी येशूको नजिक आउन सहयोग गर्छ भनेर कसरी निश्चित हुने? येशूले हाम्रो निम्ति के गर्नुभयो भनेर बाइबलले कसरी हामीलाई बताउन सक्छ? स्पष्ट रूपमा भन्ने हो भने बाइबल अध्ययन गरेर हामीहरूको जीवनलाई काँचुली फेराउँछ अर्थात् असल जीवनप्रगतीतर्फ लान्छ भनेर हामी कसरी निश्चित हुने?

## २. बाइबलको आधिकारिकता (लूका २४:४४)

बाइबलको बारेमा येशूको स्पष्ट धारणा के थियो भनेर देहायका केही पदहरूले हामीलाई कसरी बताउँछन्, हेर्नुहोस्ः मत्ती ५:१७-२०, “व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।", मत्ती १२:३-८, “तर उहाँले तिनीहरूलाई भन्नुभयो, “दाऊदले, उनी र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनीसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा

के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर 'म बलिदान होइन, दया चाहन्छु' भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।", यूहन्ना १०:३४-३७, " येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरूको व्यवस्थामा यसो लेखिएको छैन, 'मैले भनें, तिमीहरू देवहरू हौ'? ३५यदि जसकहाँ परमेश्वरको वचन आयो, तिनीहरू देवहरू कहलाइन्छन् भने (धर्मशास्त्र भङ्ग हुन सक्दैन), ३६ पिताले पवित्र तुल्याएर संसारमा पठाउनुभएको व्यक्तिले 'म परमेश्वरको पुत्र हुँ' भन्दा कसरी ईश्वर-निन्दा हुन्छ? ३७ यदि मैले मेरा पिताका काम गरेको छैनँ भने ममाथि विश्वास नगर।", यूहन्ना १७:१४-१९, "मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।" र लूका २४:४४, "उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।"

**येशूले धर्मगुरूहरूसँग बातचित वा तर्क गर्दा उहाँले व्यक्तिगत आधिकारिकता र त्यसबेलाका प्रचलित विभिन्न दर्शन वा ज्ञानहरूलाई प्रयोग गर्नुभएको थिएन। बरू आफ्नो सम्पर्ण तर्कलाई येशूले बाइबललाई नै आधार बनाएर पुष्टि गर्नुभएको थियो। कुन ठिक वा वेठिक भनेर छुट्याउन पनि बाइबलको ठोस सत्यतालाई अघि सार्नुभएको थियो। जब उहाँका विरोधी वा बैरीहरूले उहाँको शिक्षालाई चुनौती दिएका थिए त्यसबेलामा पनि बाइबलकै पदहरूतिर तिनीहरूको ध्यान आकर्षित गर्नुभएको थियो। जब सांसारिक थोकहरूको मामिलामा येशूले हस्तक्षेप**

गर्नुभएको थियो त्यसबेलामा आफ्ना श्रोताहरूलाई बाइबलबाट परमेश्वरको अगुवाईलाई औँल्याउनुभएको थियो। पुरान करारका अगमवक्ताहरूले उहाँको बारेमा औँल्याएका अनुसार नै उहाँले लक्ष्य पूरा गरिरहनुभएको छ भनेर उहाँलाई यकिन थियो।

येशूले बुझ्नुभएको बाइबलको महान् आत्मज्ञान र आजभोलीका "इसाई हुँ वा मैले बाइबल पढेको छु वा पढ्छु" भनेर दावी गर्नेहरूको बीचमा ठूलो भिन्नता छ। कतिपय चर्च वा धर्मगुरूहरूले बाइबल रोचक पुस्तक हो भनेर मात्र औँल्याउँछन्। तर त्यसमा उल्लेखित इतिहास सत्य घट्नामा आधारित भनेर आत्मसात् गर्न चाहन्दैनन्। छ दिन लगाएर गरिएको सृष्टिको कथा, प्रस्थानको पुस्तकमा उल्लेख गरेको अनुसार इस्राएलीहरू इजिप्टबाट बाहिरिएका इतिहास र येशूको जन्म वा उहाँको पुनर्आगमनको कहानी पौराणिक, काल्पनिक, दन्त्यकथा वा मिथ हुन् भनेर तिनीहरूले बताउँछन्।

कोही मानिस येशूको चेला हुन चाहन्छ भने उसलाई दिएका नितिहरू स्पष्ट छन्। दन्त्यकथा वा काल्पनिक मिथको आधारमा आफ्नो जीवन कसैलाई किन अर्पण गर्ने र बलिदान हुने? बरू यथार्थ समस्याको निम्ति यथार्थ मुक्तिदाताको आवश्यक पर्दछ। नत्र भने सुसमाचार केवल सुनको जलप लगाएको आधारहिन धर्मशास्त्रमात्र हुन सक्छ। झट्ट हेर्दा वा टाढाबाट हेर्दा कुनै पनि वस्तुले मानिसलाई उल्लु बनाउन सक्दछ। तर नजिकै जाँचेर हेर्दा कुनै पनि गलत कुरा सबैको निम्ति अमान्य हुनसक्छ। त्यसकारण येशूभक्त वा उहाँलाई पछ्याउन कोही चाहन्छ र गलत विद्याबाट आफू सुरक्षित हुन चाहन्छ भने ख्रीष्टको उदाहरणको विकल्प छैन। उहाँलाई आदर गर्दै उहाँले नै औँल्याउनु भएको बाइबलसम्मत चल्नु प्रत्येक येशूको श्रद्धालुको धर्म हो।

मृत्यु दन्त्यकथा वा मिथ होइन। यो कुनै प्रतिक पनि होइन। यो यस्तो अत्यन्त यथार्थ तितो सत्य हो जुन् हामी सबैले सामना गर्छौं। बाइबलले सिकाएको अनुसार मृत्युको अर्थ के हो गहिरिएर सोच्नुहोस्। उदाहरणमा, येशूको पुनरुत्थान र दोस्रो आगमनलाई केवल मनगढन्ते कथा वा प्रतिकमात्र हुन् भनेर प्रचार गर्नु उचित छैन। बाइबल र बाइबलमा भएका विवरणहरू केवल आत्मज्ञानका सङ्केत वा प्रतिकमात्र हुन्, तिनीहरू यथार्थ छैन भनेर दावी गर्नेहरूको धरापमा हामी किन कहिलै पनि पर्नु हुन्न?

## ३. येशूको सार्वजनिक प्रवचन (मत्ती ५:१७-३९)

**येशूले आफ्नो प्रवचनद्वारा सार्वजनिक स्थानहरूमा विभिन्न वर्गका मानिसहरूलाई आफूतिर आकर्षित गर्नुभएको थियो। खीष्टले दिनुभएको सार्वजनिक वक्तव्यहरूमा धर्मशास्त्र बाइबलको उल्लेखनीय भूमिका थियो। उहाँका प्रवचनहरूमा र उहाँका प्रचार गर्ने शैलीहरूमा बाइबलका उद्दरणहरू प्रशस्तमात्रामा पाइन्छ।**

खीष्टले आफ्नो सार्वजनिक प्रवचनमा बाइबललाई कसरी प्रयोग गर्नुभएको थियो भन्ने एक ज्वलन्त उदाहरण मत्ती ५:१७-४८मा यसरी दिएको मनन गर्नुहोस्: "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ। २१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।

२३ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। २५ "तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले अफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। २६ साँच्चै, म

तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी
त्यहाँबाट उम्कनेछैनौ। २७ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले
व्यभिचार नगर्।' २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही
स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा
त्यससँग व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले
तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने
तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा
गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो दाहिने हातले
तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने
तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा
गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३१ "यसो पनि भनिएको छ, कि
'जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र
लेखिदेओस्।' ३२ तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई
व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले उसलाई
व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला,
त्यसले व्यभिचार गर्नेछ। ३३ "फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन
समयका मानिसहरूलाई भनिएको थियो, 'तैंले झूटो शपथ नखा, तर
परमप्रभुको निम्ति गरिएको शपथ तैंले पूरा गर्।' ३४ तर म
तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ। स्वर्गको नाउँमा शपथ
नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, ३५ न त पृथ्वीको,
किनकि त्यो उहाँको पाउदान हो, न त यरूशलेमको, किनकि त्यो
महाराजाको सहर हो। ३६ आफ्नो शिरको शपथ नखाऊ, किनकि
तिमीले एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ। ३७
तिमीहरूले भनेको वचनचाहिँ 'हो' भने 'हो,' 'होइन' भने 'होइन' मात्र
होस्। यीभन्दा बढ़ीचाहिँ दुष्टताबाट आउँदछ। ३८ "तिमीहरूले
सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको
बदला दाँत।' ३९ तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला
नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि
थापिदेऊ। ४० यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने
दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल। ४१ यदि कसैले
तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर
गइदेऊ। ४२ तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन

चाहनेलाई इन्कार नगर। ४३ "तिमीहरूले यसो भनेको सुनेका छौ,
'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर।' ४४ तर म
तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई
सताउनेहरूका निम्ति प्रार्थना गर, ४५ र तिमीहरू स्वर्गमा हुनुहुने
आफ्ना पिताका छोराहरू हुनेछौ। उहाँले दुष्ट र सज्जन दुवैलाई
सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ। ४६
किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने
तिमीहरूलाई के इनाम छ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन्
र? ४७ तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने
अरूहरूले भन्दा बढ़ी के गऱ्यौ र? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन्
र? ४८ यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध
हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ।"

**जब खीष्ट यस संसारमा आउनुभएको थियो त्यसबेला सर्वसाधारण र धर्मका पण्डितहरूले बाइबललाई परम्परा र संस्कारको निम्तिमात्र प्रयोग गरिएको थियो। त्यसमा भएका नीतिहरूलाई केवल नित्य कर्मको लागि मात्र चलाउँथ्यो अर्थात् तिनीहरूको सम्बन्ध बाइबलसँग चिसो थियो। यदि धर्मकर्मको निम्ति बाइबलमा भएका विभिन्न नियमहरू पालन गरे र त्यसमा भएका संस्कार वा मार्गहरूमा विधिपूर्वक हिँडे स्वर्ग जान पाइन्छ भन्ने लोक धारणा थियो। धर्मकर्मले आफू सिद्ध, चोखो, पवित्र, अरू भन्दा धर्मी देखाएको हुनाले आफ्नो लागि स्वर्गको स्थान सुरक्षित हुन्छ भनेर ती यहूदी धर्मालम्वीहरूले विश्वास गर्दथे। तर परम्परा, संस्कार वा नीतीकुती पालन गरेर स्वर्ग जान पाइन्छ भन्ने तिनीहरूको धारणालाई येशूले उल्टाइ दिनुभएको थियो। परम्परा, संस्कार वा धार्मिक विधिहरूलाई पालन गरेर होइन तर हृदयलाई परिवर्तन गर्दा परमेश्वरको राज्यमा पस्न पाइन्छ भन्ने उहाँको धारणा थियो। देखावटी विधिप्रणाली धर्मको सट्टा हृदय परिवर्तनको धर्मलाई उहाँले आधार बनाउनुभएको थियो।**

**खीष्टमा केन्द्रित गरिएको धर्मले मानिसको हृदयलाई परिवर्तन गर्नछ जसले गर्दा ठिक वा उचित मार्गमा हिंड्न लगाउँछ। अरूभन्दा धर्मी, सिद्ध, पवित्र वा चोखो बन्ने होडबाजीमा कतिपय यहूदी धर्मका फरिसी पण्डितहरू परमेश्वरसँगको जीवित र ताजा सम्बन्धलाई ओझेलोमा पारेका थिए। धर्मको नाउँमा त्यस्तो आचरण कमजोर आचरण हो भनेर**

येशूले पहिल्याउनुभएको थियो। त्यो कमजोरीपना हटाउन उद्धारकर्ता र स्वामीको रूपमा ग्रहण गर्न उहाँले आफ्ना श्रोताहरूलाई आग्रह गर्नुभएको थियो। येशूलाई तिनीहरूले आफ्नो जीवनको अगुवा बनाउँदा तिनीहरूको जीवन आदर्शमय हुन्थ्यो। येशूका नैतिक शिक्षाहरू कतिको आदर्शमय छ भनेर बुझ्न मानिसले केवल येशूले डाँडामा दिनुभएको उपदेशहरू पढे पुग्छ।

"ती उपदेशहरू (डाँडामा दिनुभएको) श्रोताहरूको निम्ति नौलो र अनौठो भएकोले तिनीहरूले अचम्म मानेर सुनेका थिए। कुनै पनि धर्मगुरू, रब्बी वा स्वामी भनाउँदा र पुरोहितले सिकाएका विद्याभन्दा येशूको विद्या अचाक्ली रूपमा फरक थियो। उहाँको जस्तो वचन तिनीहरूले कहिलै पनि ती धर्मका पण्डितहरूबाट सुनेका थिएनन्। येशूको वचनमा तिनीहरूको हृदयलाई चिप्लो घस्ने खालका थिएनन् न त कुनै सापटी आश्वासनहरूले बढावा दिने खालका थिए। त्यस नयाँ गुरूमा यस्तो खालको शक्ति थियो कि श्रोतावर्गहरू अत्यन्त दिलोज्यानले चासो लिएर सुन्दथे। उहाँका मुखारबाट निस्केका परमेश्वरको प्रेमका वचनहरू फूलको मिठो वास्ना जस्तै खरर निस्कन्थ्यो।....मानिसको हृदयका गोप्य कुराहरू पढ्न सक्ने व्यक्ति येशूमात्र हुनुहुन्छ भनेर सबैले आभास पाएका थिए। र साथै अत्यन्त प्रेमाभाव, दया र करूणामय मुद्रामा येशू हुनुभएकोले कुनै पनि मानिस निसंकोच रूपमा उहाँको निकट आउन सक्छ भन्ने तिनीहरूमा जानकारी थियो।" -एलेन जी ह्वाइट, थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग, पृ. ६बाट रूपान्तरित।

नितीकुतीमा हिंड्न, अरूलाई अनुहारको भरमा यस्तो त्यस्तो मानिस भन्न र अरूको आलोचना गर्न वा अरूको कमजोरलाई पहिल्याएर हिंड्न धर्मका खोल लगाउनेहरूलाई त्यस्तो गाऱ्हो नभएको पाइन्छ। त्यस खालका सबैले मानेका आचरणहरूबाट जोगिन्दै येशूको मार्गमा हिंड्न हामी कसरी सक्षम् हुने?

## ४. व्यक्तिगत सेवाकार्य (यूहन्ना १३:१८-२०)

सार्वजनिक रूपमा येशूले गर्नुभएका सेवाकार्यका धेरै उदाहरणहरू छन्। येशूको सर्वसाधारण, समाजका प्रवुद्ध र नामी मानिसहरूसँगको व्यक्तिगत भेटघाट पनि रोचकपूर्ण नै छ। ख्रीष्टको सेवाकार्यमा विभिन्न

**वर्गहरूसँगको उहाँको अन्तरक्रिया बाइबलले महत्त्वपूर्ण मान्दछन्। त्यसका ज्वलन्त उदाहरणहरू ती कथाहरूले प्रस्तुत गर्दछन्।**

सानो भेलाहरूमा येशूले बाइबलबाटै आफ्ना वचनहरू पुष्टि गर्नुभएको थियो। त्यसको नतिजा फलदायी नै थियो। प्रभुले बाइबलबाट किन वचनहरू उद्‌ध गर्नुभयो भन्ने केही उदाहरण यी पदहरूमा हेर्नुहोस्ः यूहन्ना १३:१८-२०, "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' १९ "यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस्। २० साँच्चै म तिमीहरूलाई भन्दछु, 'जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ'।", लूका १०:२५-२८, "व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" २६ उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ?" २७ तिनले भने, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।" २८ उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।", लूका २४:१३-३२, "त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरूशलेमबाट प्रायः एघार किलोमिटर टाढ़ाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए। १४ घटेका सबै घटनाहरूबारे तिनीहरू आपसमा बातचित गर्दैथिए। १५ तिनीहरू आपसमा बातचित गर्दै र बहस गरिरहेको बेला येशू आफै नजिक आएर तिनीहरूका साथ लाग्नुभयो, १६ तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए। १७ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू हिंड्दै आपसमा के बहस गरिरहेका छौ?" तिनीहरू उदास भएर टक्क अड़िए। १८ ती दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "यरूशलेम घुमफिर गरी आउने भएर पनि हिजोआज त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन?" १९ उहाँले तिनीहरूलाई सोध्नुभयो, "कुन कुरा?" तिनीहरूले जवाफ दिए, "येशू नासरीको बारेमा, उहाँ एक जना अगमवक्ता

हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो। २० तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र उहाँलाई क्रूसमा टाँगे। २१ इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौं। यी सब कुरा छोड़ेर, यो घटना घटेको आज तेस्रो दिन हो। २२ यसबाहेक हामी मध्येका कोही-कोही स्त्रीहरूले हामीलाई चकित बनाएका छन्। तिनीहरू आज बिहान सखारै चिहानमा गए, २३ र येशूको शरीर भेट्टाएनन्। तिनीहरूले आएर हामीहरूलाई सुनाए, 'हामीले स्वर्गदूतहरूलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने।' २४ हामीहरूमध्येका कोही-कोही चिहानमा गए, र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए, तर उहाँलाई चाहिँ देखेनन्।" २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए मूर्ख मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो। २८ तिनीहरू जुन गाउँमा गइरहेका थिए त्यसको नजिकै पुगे। उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो। २९ तर तिनीहरूले उहाँलाई यसो भनेर कर लाए, "हामीसँगै बस्नुहोस्, किनकि साँझ पर्न लाग्यो, र दिन धेरै ढल्किसकेको छ।" अनि उहाँ तिनीहरूसँग बस्नलाई घरभित्र पस्नुभयो। ३० जब येशू तिनीहरूसँग खान बस्नुभयो उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरूलाई दिन लाग्नुभयो। ३१ तब तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो। ३२ तिनीहरूले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?"

**जब मानिसहरूलाई उहाँलाई विश्वास गर्न आह्वान गर्नुभएको थियो त्यसबेला बाइबललाई नै आधार मानेर त्यो आह्वान उहाँले गर्नुभएको थियो। उहाँको अधिकार बाइबलमै आधारित थियो भनेर त्यसले पुष्टि गरेको पाइन्छ। येशू को हुनुहुन्छ भन्ने आधार आफ्नो लोकप्रियतालाई नऔल्याई बाइबललाई नै उहाँले मान्नु भएको थियो।**

इम्मायुसको बाटोमा जाँदै गर्दा चेलाहरूलाई बाइबल उदृध गर्दै उनीहरूको मन जित्नुभएको थियो। येशूको निम्ति बाइबल कति गरिमामय र आवश्यक धर्मशास्त्र रहेछ भन्ने ज्वलन्त उदाहरण त्यसले प्रस्तुत गर्दछ।

"मोशाद्वारा सुरू गरिएको भन्दा बाइबल इतिहासको सुरू वा आदिदेखि अन्तिम पुस्तकका वचनहरूलाई उदृध गर्दै त्यसमा देखाएका सम्पूर्ण पदहरूले आफूलाई कसरी औंल्याएका छन् भनेर ख्रीष्टले तिनीहरूलाई प्रचार गर्नुभएको थियो। हो, यदि आफू को हुन् भनेर ती चेलाहरूलाई ख्रीष्टले तुरन्तै देखाउनुभएको भए तिनीहरू कति खुशी हुने थियो होला? अति खुशीले गदगद भएर तिनीहरूले उहाँबाहेक अरू कुनैबाट पनि तिनीहरूको आत्मिक भोक मेटाउने थिएन होला। तर बाइबलले देखाएका भविष्यवाणीहरूमा आफ्नो भूमिका के थियो भनेर तिनीहरूले बुझ्नु अत्यन्त जरूरी थियो। येशूप्रतिको तिनीहरूको विश्वास वा आस्था ती भविष्यवाणी पुष्टि भएकोमा आधारित हुनुपरेको थियो। ख्रीष्टले कुनै अलौकिक काम गरेर तिनीहरूलाई संतुष्ट पार्नुभएको थिएन, अचम्मको कामले गर्दा उहाँलाई विश्वास गरोस् भन्ने उहाँको चाहना थिएन। तर बाइबलका पदहरूलाई उदृध गरेर वाख्या गर्दै आफू को हो भनेर देखाउनु नै आफ्नो पहिलो कर्तव्य हो भनेर येशूले देखाउनुभएको थियो। उहाँको मृत्युले तिनीहरूको येशूप्रतिको विश्वास चक्नाचुर भएको थियो। तर अब अगमवक्ता वा बाइबलका लेखहरूलाई उहाँले औंल्याउँदै उहाँको मृत्यु नै उहाँप्रतिको तिनीहरूको आस्थाको अत्यन्त बलियो प्रमाण हो भनेर तिनीहरूलाई देखाउनुभएको थियो।

"उहाँ यस संसारमा आउनुको लक्ष्य के हो भनेर पुरानो करारले स्पष्ट रूपमा देखाउछ भनेर येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको थियो। उहाँको बारेमा गवाही दिने बाइबलको आवश्यकतालाई उहाँले औंल्याउनुभएको थियो।-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ७९६-७९९बाट रूपान्तरित।

लूका २४:३२ गहिरिएर अध्ययन गर्नुहोस्। "हामीहरूको हृदय दन दन बलेन त?" भन्ने चकित पार्ने भावना व्यक्त गरेकोमा तपाईं के भन्नुहुन्छ? त्यसको अर्थ के हो? हामीमा भएको सत्यले तपाईंको हृदय जलेको महशूस पछिल्लोपल्ट कहिले गर्नुभएको थियो? धेरै भयो नजलेको भन्दा के परमेश्वरप्रतिको विश्वासमा तपाईं चिसो हुन

थाल्नुभएको  हो कि? यदि हो भने त्यसलाई तपाईंले कसरी परिवर्तन गर्नुहुन्छ?

## ५. अर्को पुस्ता  (मत्ती १२:१५-२१)

मानव जीवनको निम्ति बाइबल अत्यन्त अपरिहार्य वा नभैनहुने धर्मशास्त्र हो भनेर येशूले गर्नुभएको प्रमाणप्रति कसैको असहमत छैन। बाइबलको एउटा पदको आधिकारिकता र सत्यतालाई येशूले कहिल्यै पनि प्रश्न गर्नुभएको थिएन। तर सयौं वर्षदेखि र आजसम्म पनि मानिसहरूले बाइबलप्रति येशूको धारणालाई चुनौती दिंदै त्यसले देखाएको सत्य र आधिकारिकतालाई प्रश्न गरिरहेका छन्।

**एकदम पहिलेका इसाईहरूले बाइबललाई कुन् दृष्टिकोणले हेरेका थिए र त्यसबाट हामीले के पाठ सिक्नसक्छौं भनेर देहायका पदहरूले बताएकोमा चिन्तनमनन गर्नुहोस्ः मत्ती १२:१५-२१ "तब त्यो कुरा थाहा पाएर येशू त्यहाँबाट गइहाल्नुभयो, र धेरै जना उहाँको पछि लागे, र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो, १६ र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउने चेताउनी तिनीहरूलाई दिनुभयो। १७ यशैया अगमवक्ताद्वारा भनिएको वचन पूरा हुनलाई नै यो भएको हो, १८ "मेरा सेवक जसलाई मैले चुनेको छु, मेरा प्रिय जोसँग म प्रसन्न छु, म मेरो आत्मा तिनमा राखिदिनेछु, र तिनले जाति-जातिलाई न्यायको घोषणा गरिदिनेछन्। १९ तिनी न त झगड़ा गर्नेछन् साह्रै चिच्च्याउनेछन्, न त कसैले तिनको सोर गल्लीहरूमा सुन्नेछ। २० फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्, र अन्त्यमा न्यायलाई विजयसम्म पुऱ्याउनेछन्। २१ तिनैको नाउँमा जाति-जातिहरूले आशा राख्नेछन्।" , मर्कूस १:१-३, "परमेश्‍वरका पुत्र येशू ख्रीष्टको सुसमाचारको आरम्भ। २ यशैया अगमवक्ताको पुस्तकमा यसरी लेखिएको छः "हेर, म मेरो दूतलाई तिम्रो अगिअगि पठाउँछु, जसले तिम्रो मार्ग तयार गर्नेछ। ३ उजाड-स्थानमा एक जना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ'।" , प्रेरित १:१५-२०, "ती दिनमा भाइहरूका बीचमा पत्रुस खड़ा भए (यी मानिसहरूको संख्या प्रायः एक सय बीस थियो), र भने, १६ "भाइ हो, धर्मशास्त्रको वचन पूरा हुनुपर्दथियो, जुन वचन येशूलाई पक्रनेहरूको अगुवा यहूदाको विषयमा दाऊदको मुखबाट अघिबाटै पवित्र आत्माले**

बोल्नुभएको थियो। १७ किनकि त्यसको गणना हामीसँगै भएको थियो।
र यही सेवामा त्यसले हिस्सा पाएको थियो।" १८ त्यस मानिसले
अधर्मको कमाइबाट एउटा जग्गा किन्यो, र उँधोमुन्टो भई खस्यो र
त्यसको भुँड़ी फुट्यो, र त्यसका सबै आन्द्रा-भुँड़ी निस्के। १९ यो कुरा
यरूशलेमका बासिन्दाहरू सबैलाई थाहा भयो। त्यो जग्गाको नाउँ
तिनीहरूको आफ्नो भाषामा आखेल्दामा राखियो, अर्थात् रगतको खेत।

२० पत्रुसले भने, "किनकि भजनको पुस्तकमा यसो लेखिएको छ, 'त्यसको वासस्थान उजाड होस्, र त्यहाँ वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले लिओस्।' प्रेरित ३:१७-२४, "अब भाइ हो, मलाई थाहा छ, कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो, र तपाईंका शासकहरूले पनि त्यसै गरे। १८ उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी उहाँले यसरी पूरा गर्नुभयो। १९ यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्, २० र उहाँले तपाईंहरूका निम्ति अघिबाटै नियुक्त गर्नुभएको ख्रीष्ट, अर्थात् येशूलाई पठाइदिनुहुन्छ। २१ परमेश्वरले प्राचीन कालदेखि आफ्ना पवित्र अगमवक्ताहरूका मुखबाट बोल्नुभएका सबै थोकको पुनर्स्थापना हुने समय नआउञ्जेल ख्रीष्ट स्वर्गमा अवश्य रहनुपर्छ। २२ मोशाले भनेका थिए, 'परमप्रभु परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरूले सुन्नुपर्छ। २३ यसो हुनेछ, कि त्यस अगमवक्तालाई नसुन्ने जति हरेक प्राणी मानिसहरूका बीचबाट नष्ट हुनेछ।' २४ "शमूएलदेखि लिएर त्यसपछिका सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती सबले यिनै दिनहरूको घोषणा गरेका छन्। २५ तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, 'तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष् पाउनेछन्।' २६ तपाईंहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईंहरूलाई आशिष् दिन भनी परमेश्वरले आफ्ना सेवकलाई खड़ा गर्नुभयो र सर्वप्रथम तपाईंहरूकहाँ पठाउनुभयो।" र रोमी १०:५-१३, "मोशा लेख्छन्, "व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट

जिउनेछ।" ६ तर विश्वासमाथि आधारित भएको धार्मिकताले यसो भन्छ, "मन-मनमा यसो नभन, 'स्वर्गमा को उक्लने?',अर्थात् ख्रीष्टलाई तल ल्याउनलाई), ७ वा आफ्नो मनमा यसो पनि नभन, 'पातालमा को ओर्लने?" 'अर्थात् मरेकाहरूबाट ख्रीष्टलाई माथि ल्याउनलाई)। ८ तर यसले के भन्छ? "वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा," अर्थात् विश्वासको वचन, जो हामी प्रचार गर्दछौं। ९ किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ। १० किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। ११ धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" १२ किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। १३ किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।"

येशू मसीह वा उद्धारकर्ता हुनुहुन्छ भन्ने प्रमाण उहाँ आफैले बाइबलबाट जुटाउनुभएको थियो। सुरूका येशूभक्तहरूले येशू को हुनुहुन्छ भनेर प्रमाणित गर्न त्यही प्रक्रिया अपनाएका थिए। परमेश्वर आफू को हुनुहुन्छ भनेर बाइबलबाट देखाउनुभएको छ भनेर तिनीहरूले भनेका थिए। त्यसकारण व्यक्तिगत अनुभव, अचम्मका कामहरू र ख्रीष्टको निम्ति गवाही दिने क्रियाकलापहरू साफ साफ महत्त्वपूर्ण छन्। तर येशू को हुनुहुन्छ भन्ने प्रमाण खोज्दा तिनीहरू भन्दा मूल प्रमाण बाइबल नै हुनु पर्दछ, त्यसको दाँजोमा अरू कुनै पनि हुनुहुन्दैन।

चर्चको लक्ष्य पहिल्याउन र त्यस्को क्रियाकलापको लागि, दैनिक आचरणको मापदण्ड (संस्कार र बानिव्यहोरा) र अध्यात्मिक अनुशासन वा आत्मिक जीवन शैलीको निम्ति सुरूका इसाईहरूले बाइबलमै भर परेका थिए। हामीलाई यो थाहा छ किनकि चर्च परिषदले परमेश्वरको अगुवाई खोज्दा तिनीहरूले बाइबलमै आधारित वचनहरूलाई दावी गरेर प्रार्थना गरेका थिए (प्रेरित १५)। सुरूको चर्चको प्रत्येक दिनको जीवनशैलीमा बाइबलसँगको तालमेल भएको देखाएको थियो। यदि हामी येशूका श्रद्धालु भक्तजनहरू हौं भनेर दावी गर्दछौं भने सुरूका चर्चका विश्वासीहरूले बाइबलप्रति अपनाएका

नितिहरूलाई हामीले पनि आत्मसात् गर्नु कतिको जरुरी छ सो सोच्नुपर्दछ। **हामीहरूको विश्वास वा आस्थालाई मजबुत पार्न बाइबलको भूमिका उल्लेखनीय भएकोले त्यसलाई हामीहरूको जीवनको साथी बनाउन कसरी सिक्ने? परमेश्वरप्रतिको विश्वासमा अडिग हुन मानिसलाई होइन तर येशूलाई औंल्याउन बाइबलबाट हामीले कसरी सिक्ने? हामीहरूको रहनसहन र अरूसँगको कारोवारमा प्रभावित पार्न बाइबलको विद्यालाई कसरी घुसाउने?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित देहायका लेखहरू पढ्नुहोस्ः *एजुकेशन,* पृ. १९०-१९२को "बाइबल टिचिङ्ग आन्ड स्टडी", *डिजाएर अभ एजेज्,* पृ. ७९५-८०१को "द वाक टु इम्मायुस", *द आक्टस् अभ आपोस्टल्स,* पृ. २२१-२२२को "थेस्सोलोनिका"।

"ख्रीष्टले आफ्नो सेवाकार्यको अवधीमा उहाँका चेलाहरूको दिमाग ती भविष्यवाणीहरूको विषयमा खोलिदिनुभएको थियो।....पत्रुसले ख्रीष्टको बारेमा प्रचार गर्दा पुरानो करारबाट आफ्नो प्रमाण जुटाएका थिए। स्तिफनसले पनि त्यही बाटो अङ्गालेका थिए। बाइबलमा उल्लेखित येशूको जन्म, वेदना, मृत्यु र उहाँको पुनर्आगमनको बारेमा गरिएको भविष्यवाणीलाई औंल्याउँदै पावलले त्यस धर्मशास्त्रलाई प्रयोग गरेका थिए। मोशा र अरू भविष्यवक्ताहरूले प्रेरणाद्वारा पाएका वचनहरूलाई उद्धृत गर्दै पावलले नाजरथको येशू नै मसीह हुनुहुन्छ भनेर स्पष्ट रूपमा ठोकुवा गरेका थिए। आदमका दिनहरूदेखि बाइबलका अगुवा र भविष्यवक्ताहरूलाई ख्रीष्टकै आवाजले बोलिरहेका थिए भनेर पावलले बाइबलबाट प्रमाणित गरेर देखाएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस अभ द आपोस्टल्स, पृ. २२१,२२२बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** तपाईंको दैनिक नियमित विधिमा बाइबललाई समावेश गर्ने कस्ता लाभदायक उपायहरू तपाईं सोच्न सक्नुहुन्छ? तपाईंले दिने व्यक्तिगत गवाहीमा बाइबललाई कसरी प्रयोग गर्न सक्नुहुन्छ?

आ. आफ्नो व्यक्तिगत लोकप्रियता र अचम्मका कामहरूमा भन्दा येशूले बाइबलमा वढि किन भर पर्नुभयो? हामीहरूको विश्वासको अत्यन्त महत्त्वपूर्ण आधार बाइबल भन्दा सङ्गीत, स्वास्थ्यका सन्देश, सामाजिक क्रियाकलाप र अरू जुनसुकैलाई बनाउँदा हामीहरूको आस्थालाई कसरी असर पार्न सक्दछ?

इ. येशू भक्त हुँ भनेर दावी गर्ने आजभोलीका विश्वासीहरूले बाइबलमै किन भर पर्नुपर्दछ? तपाईंको चर्चको जीवन र काममा बाइबललाई कतिको वढावा दिएका छन्, त्यसको समिक्षा गर्नुहोस्।

ई. बाइबलमा कुनै अंश छैन जहाँ बाइबलको बारेमा त्यसका लेखकहरूले प्रश्न गरेका थिए। परमेश्वरको वचनप्रति प्रश्न गरिएको कुनै पनि उदाहरण नभएको परिप्रेक्ष्यलाई तपाईं सोच्नुहोस्। बाइबलका विद्वानहरूले विभिन्न स्तरहरूमा बाइबलको बारेमा चुनौती दिएको सन्दर्भमा बाइबललाई नै हामीले गर्नु पर्ने आत्मसातलाई किन महत्त्वपूर्ण मान्नु पर्दछ?